बैठक संख्या ८

आज मिति २०७८ साल मंसिर महिनाको १३ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोख्रेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री आशिष चौधरी | |

आमन्त्रित :-

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं, लेखा

श्री पुनाराम शर्मा, अधिकृतस्तर छैठौं, सा.प्र.

**मिति २०७९/०८/१३ गतेको गाउँकार्यपालिकाको बैठकका पस्तावहरू**

**प्रस्ताव नम्बर १ :** गाउँपालिकाको पुरानो भवन रहेको जग्गाको पूर्वी, दक्षिण तथा पश्चिम सिमानामा भौतिक संरचना निर्माणका लागि त्यहाँ रहेका रूख कटान सम्बन्धमा ।

**प्रस्ताव नम्बर २ :** कबाडको ठेक्काका लागि न्युनतम रकम निर्धारण सम्बन्धमा ।

**प्रस्ताव नम्बर ३ :** स्वास्थ्य शाखा अर्न्तगत गढवा गाउँपालिकाभरमा स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताव नम्बर ४ :** गत कार्यपालिकाको बैठकमा भएको जेष्ठ नागरिक, दिर्घरोगीहरू तथा अपाङ्गहरूको नियमित मासिक स्वास्थ्य चेकजाँज कार्यक्रम कार्यान्वियनका लागि विधि निर्धारण सम्बन्धमा ।

**प्रस्ताव नम्बर ५:** गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरू तथा [illegible]

[illegible]

**प्रस्ताव नम्बर ८ :** अवैध रूपमा राप्ती नदि किनार तथा खोलाहरूको बगर क्षेत्रमा डम्पिङ गरि राखेको नदिजन्य पदार्थको जफतका लागि जनशक्ती तथा साधनको व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताव नम्बर ९ :** यस गढवा गाउँपालिकाभित्र सामान्य घर निर्माण प्रयोजन तथा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरूको कार्यान्वियनका लागि आवश्यक पर्ने नदिजन्य पदार्थ रोयल्टी लिई उपलब्ध गराउने सम्बन्धमा ।

**प्रस्ताव नम्बर १० :** संघीय समपुरक योजना अर्न्तगत उठैया-कक्रहवा सडक निर्माण कार्यमा गढवा ५ निवासी अम्बिका योगीको कच्चि शौचालयमा भएको क्षति सम्बन्धमा ।

**प्रस्ताव नम्बर ११ :** युवा तथा खेलकुद मन्त्रालयमा खेल पूर्वाधारको विवरण पठाउने सम्बन्धमा ।

**प्रस्ताव नम्बर १२ :** यस गाउँपालिकाबाट प्रदान गरिने सेफ्टी ट्याङ्की सफाईको राजश्वको दर पुनराबलोकन सम्बन्धमा ।

**प्रस्ताव नम्बर १३ :** आर्थिक सहयोग सम्बन्धमा ।

**प्रस्ताव नम्बर १४ :** भुत्तानी समर्थन सम्बन्धमा ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

## मिति २०७९/०८/१३ गतेको गाउँकार्यपालिकाको बैठकका निर्णयहरू :

**प्रस्ताव नम्बर १ : गाउँपालिकाको पुरानो भवन रहेको जग्गाको पूर्वी, दक्षिण तथा पश्चिम सिमानामा भौतिक संरचना निर्माणका लागि त्यहाँ रहेका रूख कटान सम्बन्धमा ।**

**निर्णय नम्बर १ :** प्रस्ताब नम्बर १ उपर छलफल गर्दा संघीयताको कार्यान्वियनका लागि स्थानीय तहको स्थापना हुँदा साबिकका चार वटा गा.वि.स. हरू, पशु सेवा सम्बन्धी कार्यालयहरू, कृषि सेवा सम्बन्धी कार्यालयहरू तथा स्वास्थ्य संस्थाहरू एकमुष्ट रूपमा समायोजन भई गढवा गाउँपालिका दाङको स्थापना र सुरूवात भएको सन्दर्भमा यस गढवा गाउँपालिका वडा नम्बर ६ गढवा स्थित पुरानो गढवा गाउँकार्यपालिकाको कार्यालय भवनहरू रहेको स्थान र परिसर, साबिक गढवा गा.वि.स. कित्ता नम्बर ३३८ को जग्गाको दर्ता श्रेस्ता जिल्ला कृषि कार्यालयको नाममा तथा भोगचलन गढवा गाउँपालिकाको अधिनमा रहेको अवस्थामा प्रदेश सभा सचिवालय, लुम्बिनी प्रदेश मुकाम बुटवलको प.सं. २०७७/०७८, च.नं. ५७९, मिति २०७७/१२/०९ गतेको सरकारी आवासको व्यवस्था गरिदिने बारे विषयको प्राप्त पत्र बमोजिम प्रदेश सभाका माननिय सभामुख ज्यू को आवास प्रयोजनको लागि यस गढवा गाउँपालिकाको पुरानो गाउँकार्यपालिकाको कार्यालय रहेको भवन उपलब्ध गराउने मिति २०७७/१२/१९ गतेको गाउँकार्यपालिकाको निर्णयानुसार सभामुख निवास निर्माणका लागि आवश्यक भौतिक संरचना निर्माण गर्नुपर्ने भएको सो निर्माण कार्यका लागि उक्त जग्गाको साँधमा रहेका केही रूखहरू कटान गर्नुपर्ने देखिएकोले सव डिभिजन वन कार्यालय गढवा दाङको प्राविधिक सहजिकरणमा त्यहाँ रहेको ४८ थान रूखहरू कटान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर २ : कबाडको ठेक्काका लागि न्युनतम रकम निर्धारण सम्बन्धमा ।**

**निर्णय नम्बर २ :** प्रस्ताब नम्बर २ उपर छलफल गर्दा गढवा गाउँपालिकाभित्र रहेका सम्पूर्ण कबाड चिजबस्तुहरूको हालसम्म बैज्ञानिक व्यवस्थापन हुन नसकी फोहोरको रूपमा मात्र व्यवस्थापन भईरहेकोले आगामी दिनहरूमा यस गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका कबाडी तथा कबाडजन्य चिजबस्तुहरूको आर्थिक लाभ तथा गाउँपालिकाभित्र प्राकृतिक सौन्दर्य बनाईराख्नका लागि यस गढवा गाउँपालिकाभित्र उपलब्ध हुन सक्ने कबाडको अनुमान गरि न्यूनतम रकम ३,००,०००/- (अक्षेरेपी तीन लाख मात्र) राखी ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ३ : स्वास्थ्य शाखा अर्न्तगत गढवा गाउँपालिकाभरमा स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक जनशक्ति व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नम्बर ३ :** प्रस्ताब नम्बर ३ उपर छलफल गर्दा गढवा गाउँपालिका अर्न्तगत स्वास्थ्य सेवा प्रदान गर्ने जम्मा स्वास्थ्य संस्थाहरू, ती संस्थाहरूमा नेपाल सरकारबाट स्वीकृत स्थायी दरबन्दी, स्थायी दरबन्दी नभएका नयाँ खोलिएका संस्थाहरू, उक्त संस्थाहरूमा गाउँपालिकाले तयार पारेको संगठन सर्वेक्षण प्रतिवेदन बमोजिमको दरबन्दी, संगठन सर्वेक्षण प्रतिवेदन बमोजिम सेवा करारमा पदपूर्ति भएको जनशक्ति विवरण र पदपूर्ति हुन नसकेको रिक्त पद संख्या, संगठन सर्वेक्षण प्रतिवेदनमा उल्लेख नभएतापनि सेवा थप गर्नुपर्ने स्थानहरू, उक्त स्थानमा आवश्यक जनशक्ति, ईमरजेन्सी सेवा संचालन, बर्थिङ सेन्टर संचालन आदिको विस्तृत विवरण स्वास्थ्य शाखालाई तयार गर्न लगाई आउँदो गाउँकार्यपालिका बैठकबाट आवश्यक निर्णय लिने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ४ : गत कार्यपालिकाको बैठकमा भएको जेष्ठ नागरिक, दिर्घरोगीहरू तथा अपाङ्गहरूको नियमित मासिक स्वास्थ्य चेकजाँज कार्यक्रम कार्यान्वियनका लागि विधि निर्धारण सम्बन्धमा ।**

**निर्णय नम्बर ४ :** प्रस्ताब नम्बर ४ उपर छलफल गर्दा नेपाल सरकारको सशर्त कार्यक्रम अर्न्तगत ७० वर्ष माथिका जेष्ठ नागरिकहरूलाई स्वास्थ्यकर्मीद्वारा चौमासिक रूपमा घरमै गएर उपचार सेवा कार्यक्रम हाल यस गढवा गाउँपालिकामा संचालन भईरहेकोमा सोही कार्यक्रमको समयमा स्वास्थ्यकर्मिहरूद्वारा यस गढवा गाउँपालिका अर्न्तगतका आ-आफ्नो वडामा रहेका दिर्घरोगीहरू तथा अपाङ्गहरूको समेत संख्या एकिन गरि घरमा गएर चौमासिक रूपमा स्वास्थ्य

यम नारायण शर्मा पोखेल
अध्यक्ष

चेकजाँच सेवा प्रदान गर्ने र उक्त सेवा प्रवाह गरेवापत उक्त कार्यमा संलग्न स्वास्थ्यकर्मिहरूलाई प्रोत्साहन गर्न आवश्यक कार्यविधि तयार गर्नका लागि खाका निर्माणार्थ स्वास्थ्य शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ५ः गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरू तथा जनप्रतिनिधिहरूको खाजाको व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नम्बर ५** : प्रस्ताब नम्बर ५ उपर छलफल गर्दा कर्मचारीहरूको सेवा सुबिधा सम्बन्धी आवश्यक प्रबन्ध गर्न सेवा सुबिधा सम्बन्धी कार्यविधि तयार गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ६ : गत वर्ष हराएको १ थान मोटरसाईकल (वडा नम्बर ७) को दाबि विरोध खारेज सम्बन्धमा ।**

**निर्णय नम्बर ६** : प्रस्ताब नम्बर ६ उपर छलफल गर्दा गढवा गाउँपालिकाको नाममा रहेको वडा नम्बर ७ का अध्यक्ष श्री राहुलदेव चौधरीले प्रयोग गर्ने गरेको रा.१ ब ६९५ नम्बरको मोटरसाईकल मिति २०७८/१२/२८ गते लमही नगरपालिका रातोडाँडाबाट हराएकोले सो को जानकारी उक्त साधनको बिमा गरिएको कम्पनि श्री नेको ईन्सुरेन्स लिमिटेडलाई गराईएको र आवश्यक कागजात जुटाई बिमा दाबी गर्दा उक्त मोटरसाईकल नेको ईन्सुरेन्स लिमिटेडबाट रू १,३०,०००/- (एक लाख तीस हजार मात्र) दाबी फर्स्यौट गरिदिने भएकाले उक्त मोटरसाईकल फेला परेमा श्री नेको ईन्सुरेन्स लि. को नाममा नामसारी गरिदिन यस गढवा गाउँपालिकाको मन्जुरी भएको र दाबी विरोध नगर्ने भनि नेपाल सरकार श्रम तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग, यातायात व्यवस्था कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ७ : लागत साझेदारीमा कृषि पशु विकास कार्यक्रम अर्न्तगत वडागत विशिष्टता निर्धारण सम्बन्धमा ।**

**निर्णय नम्बर ७** : प्रस्ताब नम्बर ७ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको चालु आ.व. २०७९/०८० का लागि विनियोजित लागत साझेदारीमा कृषि तथा पशु विकास सम्बन्धी कार्यक्रमका लागि कृषि तथा पशु विकासको क्षेत्रमा विशेष क्षेत्रको रूपमा तपशिल बमोजिम वडा निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | वडा नम्बर | विशेष क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | १ | बाख्रा | |
| २ | २ | बाख्रा | |
| ३ | ३ | बाख्रा | |
| ४ | ४ | तरकारी | |
| ५ | ५ | तरकरी | |
| ६ | ६ | बाख्रा | |
| ७ | ७ | विउ विजन उत्पादन | |
| ८ | ८ | बाख्रा | |

**प्रस्ताब नम्बर ८ : अबैध रूपमा राप्ती नदि किनार तथा खोलाहरूको बगर क्षेत्रमा डम्पिङ गरि राखेको नदिजन्य पदार्थको जफतका लागि जनशत्ती तथा साधनको व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नम्बर ८** : प्रस्ताब नम्बर ८ उपर छलफल गर्दा अबैध रूपमा राप्ती नदि किनार तथा खोलाहरूको बगर क्षेत्रमा डम्पिङ गरि राखेको नदिजन्य पदार्थको जफतका लागि यस अधिको गाउँकार्यपालिकाको बैठकबाट निर्णय भईसकेकोले उक्त जफत कार्यका लागि जनशक्ति व्यवस्थापन प्रधानमन्त्री रोजगार कार्यक्रम, रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरूबाट गर्ने र सोही कार्यक्रमबाट भुक्तानीको व्यवस्था गर्ने साथै जफत कार्यमा

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

ट्याक्टरहरू प्रयोग गर्ने र उक्त ढुङ्गाहरू संकलन गरि विपदजन्य घटनाहरूमा निर्माण कार्यको लागि उपयोग हुने भएकोले सो ट्याक्टर भाडाको यस गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट भुक्तानी दिनेगरि यथाशिघ्र जफत कार्य सुचारू गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ९ : यस गढवा गाउँपालिकाभित्र सामान्य घर निर्माण प्रयोजन तथा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने नदिजन्य पदार्थ रोयल्टी लिई उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नम्बर ९ :** प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा निर्णय नम्बर ८ बमोजिम जफत कार्य सम्पन्न भएलगत्तै यस गढवा गाउँपालिकाभित्र व्यक्तिगत रूपमा घर निर्माण प्रयोजन तथा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने नदिजन्य पदार्थको अभावमा व्यक्तिगत रूपमा घर निर्माण कार्य तथा योजनाहरूको कार्यान्वयन प्रक्रिया ठप्प भएको र हालसम्म नदिजन्य पदार्थको ठेक्का समेत आह्वान नभएकोले यस गढवा गाउँपालिकाबाट ठेक्का आह्वान भई ठेक्का कबोल पश्चात ठेक्का सम्झौता नहुन्जेल सम्मका लागि सामान्य घर निर्माण प्रयोजन तथा विकास निर्माणका योजना कार्यान्वयनका लागि उपभोक्ता समितिका लागि प्रचलित प्रदेश कानून बमोजिम राजश्व लिई तपशिल बमोजिमका घाटहरूबाट नदिजन्य पदार्थ उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल :

| वडा नम्बर | घाटको नाम | कैफियत |
|---|---|---|
| १ | राप्ती नदि, बडहरा घाट | |
| २ | राप्ती नदि, कोठरी घाट | |
| ३ | राप्ती नदि, खैरा घाट | |
| ४ | राप्ती नदि, पर्सा घाट | |
| ५ | राप्ती नदि, लोखरपुर घाट | |
| ६ | कक्रहवा खोला, मनिकापुर घाट | |
| ७ | राप्ती नदि, झारबैरा घाट | |

साथै उक्त घाटहरूबाट नदिजन्य पदार्थको उत्खनन् गर्दा हुन सक्ने सम्भावित अनियमितता रोक्नका लागि नदि तथा खोला घाट क्षेत्रकै स्थानीय बासिन्दालाई निरिक्षण कार्यमा खटाउने, जसका लागि प्रत्येक वडाबाट १/१ जनाका दरले प्रतिदिन प्रतिव्यक्ति रू ६०० (छ सय)मात्र भुक्तानी हुनेगरि निरिक्षण कार्यमा खटाउने र सो को भुक्तानी विपद व्यवस्थापन कोषबाट हुनेगरि नदिजन्य पदार्थको ठेक्का सम्झौता नहुन्जेल सम्मका लागि कामकाजमा लगाउने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १० : संघीय समपुरक योजना अर्न्तगत उठैया-कक्रहवा सडक निर्माण कार्यमा गढवा ५ निवासी अम्बिका योगीको कच्चि शौचालयमा भएको क्षति सम्बन्धमा ।**

**निर्णय नम्बर १० :** प्रस्ताव नम्बर १० उपर छलफल गर्दा गढवा गाउँपालिका ५ नम्बर वडा कार्यालयको च.नं. ६७९, मिति २०७९/०८/०७ गतेको सिफारिस बमोजिम गत आ.व. २०७८/०७९ को अधुरो संघीय समपुरक योजना अर्न्तगत उठैया-कक्रहवा सडक निर्माण तथा विस्तारका क्रममा गढवा ५ निवासी अम्बिका योगीको फुसको छाना भएको कच्चि शौचालयमा क्षति भएको बुझिएकोले निजको नयाँ स्थानमा शौचालय निर्माणार्थ क्षतिको राहत स्वरूप रू २५,०००/- (अक्षेरेपी पच्चिस हजार रूपैया) एकमुष्ट यस गढवा गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ११ : युवा तथा खेलकुद मन्त्रालयमा खेल पूर्वाधारको विवरण पठाउने सम्बन्धमा ।**

**निर्णय नम्बर ११ :** प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा गढवा गाउँपालिका नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय, खेल पूर्वाधार विकास शाखाको च.नं. ४६०, मिति २०७९/०७/२५ गतेको प्राप्त पत्रानुसार चालु तथा आगामी

धन नारायण शर्मा पोखेल
अध्यक्ष

आर्थिक वर्षका लागि यस गढवा गाउँपालिकामा भएका तपशिल बमोजिमका खेल पूर्वाधारहरूको विवरण मन्त्रालयमा पठाउने निर्णय गरियो ।

| क्र.सं. | वडा नम्बर | स्थान | किसिम | क्षेत्रफल ( अन्दाजी) | स्वामित्व | दर्शक क्षमता | हालको अवस्था |
|---|---|---|---|---|---|---|---|
| १ | ४ | खड्पुर | बहुउद्देशिय खेल मैदान | ५ बिगाहा | गा.पा. | ३००० | निर्णय मात्र भएको |
| २ | ६ | गढवा | व्याडमिन्टन | ५ कट्ठा | गा.पा. | २०० | जग तथा पिलरको काम मात्र भएको |

**प्रस्ताव नम्बर १२ : यस गाउँपालिकाबाट प्रदान गरिने सेफ्टी ट्याङ्की सफाईको राजश्वको दर पुनराबलोकन सम्बन्धमा ।**

**निर्णय नम्बर १२ :** प्रस्ताव नम्बर १३ उपर छलफल गर्दा गढवा गाउँपालिकाबाट नियमित रूपमा प्रदान गर्दै आईरहेको सेप्टी ट्याङ्की सफाई कार्यको राजश्व समयानुकुल र सेवामुखी बनाउनका लागि प्रति टिप (खेप) रू १५०० कायम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १३ : आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णय नम्बर १३:** प्रस्ताव नं. १३ उपर छलफल गर्दा गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा आर्थिक सहयोग सम्बन्धमा पर्न आएका निवेदन सम्बन्धमा निवेदकले पेश गरेको विवरणका आधारमा मिति २०७८/०२/२५ गतेको गाउँकार्यपालिकाको बैठकको निर्णयानुसार गढवा ७ निवासी सुमन अधिकारी गत वर्षदेखि मृगौला रोगको विरामी भएको र अति विपन्न परिवार भएकोले औषधी उपचारको लागि रू १०,०००।- (अक्षेरेपी दश हजार रूपैया) मात्र आर्थिक सहयोग गर्ने निर्णय भएकोमा विविध कारणबंश सो को भुक्तानी हुन नसकेकोमा मिति २०७९/०५/०९ गतेका दिन निज सुमन अधिकारीको निधन समेत भईसकेकोले निजको परिवारको अत्यन्त कमजोर आर्थिक स्थिती भएको र उपचारका क्रममा ठुलो धनराशी खर्च हुदाँ उक्त परिवार आर्थिक संकटबाट गुज्रिरहेको बुझिएकोले निज मृतकको श्रीमति श्री मेनिका अधिकारीलाई उक्त सहयोग बापतको रकम रू १०,०००।- आर्थिक सहयोग शीर्षकबाट भुक्तानी हुनेगरि उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १४ : भुक्तानी समर्थन सम्बन्धमा ।**

**निर्णय नम्बर १४:** प्रस्ताव नं. १४ उपर छलफल गर्दा गढवा गाउँपालिकाको कार्यालयमा दैनिक कार्यालय संचालन तथा व्यवस्थापन सन्दर्भमा विभिन्न पटके रूपमा विविध विषयमा भएको खर्चको तपशिल बमोजिम समर्थन गर्ने निर्णय गरियो ।

तपशिल :

१. नदिजन्य पदार्थको अनुगमन गर्दा देखिएको अबैध घाटगद्दी गरिएको नदिजन्य पदार्थको जफत गर्दा प्रयोग गरिएका जेसिबी तथा ट्रिप्पर भाडा/ढुवानी खर्च तथा चियाखाजा खर्च रकम १ नम्बर वडा अध्यक्ष श्री बाबुराम अधिकारीलाई सोधभर्ना भुक्तानी रू २,५२,०००।- (दुई लाख बाउन्न हजार रूपैया मात्र)
२. कक्रहवा खोला र गुरूङ खोला विपद व्यवस्थापन निर्माण उपभोक्ता समितिलाई भुक्तानी रू ४,४०,०००।- ( चार लाख चालिस हजार मात्र ।)
३. बाढी पिडितलाई राहत सामाग्री चामल, तेल, नून, सोयाविन आदि आर.के. सप्लायर्सलाई भुक्तानी रू ९,०८,५७०।- (नौ लाख आठ हजार पाँच सय सत्तरी मात्र ।)
४. तेल २५ लिटर, खनाल गल्ला पसल रू ६३,७६०।- (त्रिसठ्ठी हजार सात सय साठी मात्र ।)
५. तेल ३१ लिटर, साबुन, मसला , रू १,००,०८०।- (एक लाख असी मात्र ।) न्यू खनाल स्टोर र खनाल गल्ला पसल
६. मेस संचालन , वडा नम्बर २, रू ४४,६५१।- (चवालिस हजार छ सय एकाउन्न मात्र ।)
७. ३ नम्बर वडा कार्यालयको बाईक मर्मत रू २२,६८०।- (बाईस हजार छ सय असी मात्र ।)

...नारायण शर्मा पोखेल